नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# युवा तथा साना व्यवसायी स्वरोजगार कोषको

## थोक कर्जा लिन चाहने सहकारी संस्थाहरुलाई जरुरी सूचना

**गोरखापत्रमा प्रकाशित मिति: २०७८/१०/२९**

कोषबाट थोक कर्जा लिई कोषको उद्देश्य अनुसार कोषबाट छनौट गरिएका बेरोजगार व्यक्तिहरुलाई कोषले तोकेको समयमा व्यक्तिगत वा सामूहिक कर्जा प्रवाह गरी स्वरोजगार बनाउन देहायबमोजिम मापदण्ड पूरा गरेका ईच्छुक सहकारी संस्थाहरुले तोकिएका कागजात सङ्लग्न राखी ३५ दिनभित्र अर्थात् २०७८/१२/०४ गते शुक्रबार कार्यालय समयभित्र कर्जा प्रस्ताव फारम पूर्णरुपमा भरी जिल्लाको हकमा जिल्ला कर्जा असूली उप-समितिको कार्यालय (जिल्ला प्रशासन कार्यालय) तथा काठमाण्डौ जिल्लाको हकमा स्वरोजगार कोषको सचिवालय, अनामनगरमा मात्र सूचनाको अन्तिम मितिसम्म कोषमा कर्जा माग प्रस्ताव पेश गर्न सूचित गरिएकोछ। सूचनाको अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट प्रस्ताव पेश गर्न सकिनेछ।

**१. कर्जा प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरूले पूरा गर्नुपर्ने मापदण्डहरू:**

(क) संस्थाको कार्यक्षेत्र, शेयर पुँजी, सदस्य संख्या र सञ्चालन अवधि

| क्र.सं. | कार्यक्षेत्र | शेयर पुँजी (लाखमा) | शेयर सदस्य संख्या (जना) | सञ्चालन अवधी (वर्ष) |
|---|---|---|---|---|
| १ | महानगरपालिका | १० | ५०० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले दुई वर्ष पूरा गरेका एवं आ.व. २०७६/७७ र २०७७/७८ मा बचत/नाफामा रहेको। |
| २ | उप–महानगरपालिका | ८ | ४०० | |
| ३ | नगरपालिका | ५ | ३०० | |
| ४ | गाउँपालिका | २ | १०० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७७/७८ मा बचत/नाफामा रहेको |
| ५ | महा /उप-महा/नगरपालिका उत्पादनमूलक | २ | १०० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७७/७८ मा बचत/नाफामा रहेको |
| ६ | गाउँपालिका उत्पादनमूलक | १ | ५० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७७/७८मा बचत/नाफामा रहेको |
| ७ | दुर्गम (हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ, बाजुरा र जाजरकोट, मनाङ र मुस्ताङ) सहकारी संस्थाहरु | १ | ५० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७७/७८ मा बचत/नाफामा रहेको |

(ख) २०७८ आषाढ मसान्तसम्मको लेखापरीक्षण सम्पन्न भई संस्था सञ्चित नोक्सानीमा नरहेको हुनुपर्नेछ।

(ग) आ.व. २०७७/७८ मा भाखा नाघेको ऋण कूल ऋण लगानीको ५ प्रतिशतभन्दा बढी नभएको हुनुपर्नेछ।

(घ) सञ्चालक समिति, लेखा समिति र ऋण उप-समितिका सदस्य तथा पदाधिकारीहरू सहकारी संस्थाको कार्यक्षेत्रभित्र स्थायी/अस्थायी बसोवास गरेको प्रमाण (नागरिकता प्रमाणपत्र, मतदाता परिचयपत्र वा जग्गाधनी प्रमाणपूर्जा) हुनुपर्नेछ। बसाईसरी आएकाको हकमा स्थानीय पञ्जिकाधिकारीको सिफारिस पेश गर्नुपर्नेछ।

(ङ) संस्थाले कार्यालय खोली नियमितरूपमा कार्यसञ्चालन गरेको हुनुपर्नेछ।

**२. संस्थाले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरू:**

(क) माथि १ को (क) मा उल्लेखित भए अनुसारको लेखापरीक्षण प्रतिवेदन (वासलात, नाफा-नोक्सान हिसाब, नगदप्रवाह विवरण, लेखानीति तथा टिप्पणी र सोको अनुसूचीहरू), लेखापरीक्षकको संस्था दर्ता, नवीकरण प्रमाणपत्र, करचुक्ता र भ्याट/प्यान दर्ताको छायाँप्रति पेश गर्नुपर्नेछ।

(ख) कोषको कर्जा प्रस्ताव फारम पूर्णरूपमा भरी प्रत्येक पानामा हस्ताक्षर गरी संस्थाको छाप लगाएको हुनुपर्नेछ।

(ग) बचत तथा ऋण र बहुउद्देश्यीय तथा रू. १ करोडभन्दा बढी कारोबार गर्ने सहकारी संस्थाहरुको हकमा आ.व.२०७६/७७ र २०७७/७८ को लामो फाराम (लङ्गफर्म) र पर्ल्स प्रतिवेदन पेश गर्नुपर्नेछ। उत्पादनमूलक सहकारी संस्थाको हकमा पर्ल्स नभएमा लेखापरीक्षकबाट कर्जा वर्गीकरण र भाखा नाघेको/ननाघेको प्रमाणितपत्र सङ्लग्न हुनुपर्नेछ।

(घ) सहकारी संस्थाले आफ्नो कार्यक्षेत्रभित्र लगानी गर्ने स्थानीय तहको सिफारिस पेश गर्नुपर्नेछ।

(ङ) सहकारी संस्थाको सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरुको नागरिकता प्रमाणपत्रको छायाँप्रति पेश गर्नुपर्नेछ। संस्थाको आफ्नै घरजग्गा भए सोको प्रमाण र सञ्चालक, लेखा, कर्जा उप-समिति र व्यवस्थापकको नाममा रहेको जग्गाधनी प्रमाणपुर्जाको छायाँप्रति एवम् उक्त जग्गाको चालु आ.व.को तिरो तिरेको रसिदको छायाँप्रति पेश गर्नुपर्नेछ। सञ्चालक, लेखा, कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरू र व्यवस्थापकको आफ्नो नाममा घरजग्गा नभएमा एकाघर परिवारको जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रति पेश गर्नुपर्नेछ। आफ्नो वा एकाघर परिवारका सदस्यको नाममा कुनै घरजग्गा नभएकाको हकमा गाउँपालिका/नगरपालिकाबाट स्वीकृत लिई बसोबास गरेको घरजग्गाको निस्सा र सोबारे गाउँपालिका/नगरपालिकाले गरेको सिफारिसपत्र पेश गर्नुपर्नेछ। महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित सहकारी तथा गरिबघर पहिचान भएका व्यक्तिद्वारा सञ्चालित सहकारी संस्थाको हकमा ५० प्रतिशत जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रति भएपनि मान्य हुनेछ।

(च) संस्थाको आफ्नो कार्यालय भवन नभएमा कार्यालय सञ्चालन भएको घरबहाल सम्झौतापत्रको छायाँप्रति पेश गर्नुपर्नेछ।

(छ) संस्थादर्ता प्रमाणपत्र, स्थायी लेखानम्बर, आ.व.२०७६/०७७ र आ.व.२०७७/७८ को करचुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।

(ज) विनियमको छायाँप्रति पेश गर्नुपर्नेछ।

(झ) विनियमको उद्देश्य वा कार्यमा अन्य कोष, सङ्घ तथा संस्थामार्फत् कर्जा लिने/दिने व्यवस्था भएको हुनुपर्नेछ।

**३. सहकारीका सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिले निर्णय गरी पेश गर्नुपर्ने कागजातहरू:**

(क) समितिका सदस्यहरूले स्वरोजगार कर्जा माग गर्ने निर्णय र आफ्नो कार्यक्षेत्रभित्र बसोबास गर्ने बेरोजगारहरुलाई स्वरोजगार बनाउने प्रतिबद्धता।

(ख) कोषको रकम पूर्णरुपमा सदुपयोग गरी साँवा ब्याज फिर्ता गर्न मञ्जुर गरी सो अनुसार कोषमा रकम दाखिला नगरेमा आफ्नो र एकाघर परिवारका सदस्यको नाममा भएको चल-अचल सम्पत्ति जायजेथाबाट असूल-उपर गरेमा मञ्जुर छ। कर्जा दुरुपयोग गरेमा वा समयमा कोषमा साँवा ब्याज फिर्ता नगरेमा सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरुलाई नेपाल सरकारबाट दिने सुविधाबाट बञ्चित गर्ने, कालोसूचीमा राख्ने, सरकारी धन मासेसरह कारवाही गर्ने लगायतका प्रचलित कानुनबमोजिम कारवाही गरी नेपाल सरकारको रकम असूल गरेमा मञ्जुर छ" भन्ने व्यहोराको व्यक्तिगत/सामूहिक मञ्जुरीनामाको निर्णय।

(ग) सहकारी संस्था एवम् सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरू कालोसूचीमा परे/नपरेको व्यहोराको स्व-घोषणा।

(घ) सहकारी संस्थाले बैङ्क/वित्तीय संस्था वा अन्य कुनै संस्थाबाट कर्जा लिएको भएमा सोको सम्बन्धित संस्थाबाट लिएको साख सूचना पेश गर्नुपर्नेछ। नलिएको भएमा कर्जा नलिएको स्व-घोषणा।

(ङ) युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कर्जा लगानी, अनुगमन तथा असूली गर्नेबारे सहकारी संस्थाको सञ्चालक समितिको निर्णय वा समितिले पारित गरेको कर्जा लगानी, अनुगमन तथा असूली निर्देशिका।

**४. कोषसँग पुनः कर्जा कारोबार गर्न ईच्छुक संस्थाहरूले पूरा गर्नुपर्ने मापदण्डहरू:**

यसअघि लिएको कोषको कर्जा रकम समयमै पूर्णचुक्ता गरेका सहकारी संस्थाहरुले मात्र माग प्रस्ताव पेश गर्न सक्नेछन्। पुनः कर्जा माग गर्न चाहेमा कोषलाई बुझाउनुपर्ने रकम नियमितरूपमा बुझाएको हुनुपर्नेछ र १ वर्षभन्दा बढी अवधि भाखा नाघेको हुनुहुँदैन। साथै, कर्जा प्रस्ताव फारम र सूचनाको बुँदा नं. "१, २ र ३" मा उल्लेखित विवरणहरू अनिवार्य पेश गर्नुपर्नेछ।

**५. प्रस्ताव मूल्याङ्कन, छनौट र कर्जा रकम:**

(क) पेश भएका प्रस्तावहरू कोषको नियमानुसार स्थलगत निरीक्षण गरी सिफारिस भएपछि कोषबाट आवश्यक मूल्याङ्कन गरी बढीमा रू. १ करोडसम्म कर्जा स्वीकृत गर्न सकिनेछ।

(ख) उपर्युक्त अनुसार कर्जा प्रस्ताव फारम पूर्ण नभरिएका, मापदण्ड पूरा नगरेका, कागजात नपुगेका संस्थाहरूको कर्जा प्रस्ताव स्वतः रद्द भएको मानिनेछ।

(ग) कर्जा स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार कोषमा निहित रहनेछ।

(घ) कर्जा प्रस्ताव फारम कोष सचिवालयको वेभसाईट www.ysef.gov.np बाट प्राप्त गर्न सकिनेछ।

(ङ) यसअघि कोषको लगानी कम रहेको जिल्लालाई प्राथमिकता दिनेछ। साथै, कोषले लगानी गर्दा जनसंख्याको चाप र बेरोजगारीदर बढी भएको क्षेत्र/जिल्लालाई प्राथमिकता दिनेछ।

**(पुनश्च: उत्पादनमूलक सहकारी संस्था भन्नाले कृषि, पशुपालन, दुग्ध उत्पादन, माछापालन, मौरीपालन लगायतका विषयगत उत्पादन वा प्रशोधनमा सङ्लग्न सहकारी संस्थाहरूलाई सम्झनुपर्दछ।)**